# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७९/८०

## कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः २०७९/०८/१५)*

मरिण गाउँपालिका अन्तर्गतका कृषकहरुलाई व्यावसायिक र प्रतिस्पर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउने उद्देश्यका साथ आ.व. २०७९/८० मा गाउँपालिकाको आन्तरिक स्वीकृत बजेटबाट कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान कार्यक्रम कार्यान्वयानार्थ अनुदान प्राप्त गर्न इच्छुक कृषक समूह/सहकारी/फर्मबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायानुसार आवश्यक कागजात सहित कृषि विकास शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र.सं. | उत्पादनको किसिम | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|
| १. | कृषिजन्य उत्पादनः तरकारी, तरकारी बीउ, मसलाबाली, फलफूलबाली, मह आदि। | कार्यविधि एवं गाउँ कार्यपालिकाको निर्णयानुसार | |
| २. | पशुजन्य उत्पादनः गाईभैंसीको दुध, माछामासु, अण्डा, आदि। | कार्यविधि एवं गाउँ कार्यपालिकाको निर्णयानुसार | |

❖ **आवश्यक कागजातहरुः**

१. मरिण गाउँपालिकाको कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान कार्यविधि, २०७९ को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा आफूले गरेको उत्पादनको लागत र विक्री वितरणको विवरण,
२. कृषक समूह/सहकारी/फर्मको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. सहकारीको हकमा आ.व. २०७८/७९को लेखापरीक्षणको प्रतिवेदन,
४. समूह/सहकारीको हकमा समितिको बैठकको प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

२०७९/०८/१५

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि यस गा.पा. अन्तर्गत कृषि विकास शाखा प्रमुखको सम्पर्क नं. ९८४११०३२८१ मा सम्पर्क गर्न सकिनेछ।*